# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, भाद्र १४ गते, २०७५ साल (संख्या ०६


## भाग ३

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकारबाट सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचनाको ढाँचा र प्रकृयाको सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश राजपत्र प्रकाशन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रदेश राजपत्र" भन्नाले गण्डकी प्रदेश सरकारबाट प्रकाशन भएको प्रदेश राजपत्र सम्झनु पर्छ ।

(ख) "मुद्रण गर्ने निकाय" भन्नाले गण्डकी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयले व्यवस्थापन गरेको निकाय सम्झनु पर्छ ।

३. **राजपत्रमा सूचना प्रकाशन गरिनेः** (१) प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ मा तोके बमोजिम सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रदेश राजपत्र प्रकाशनका लागि नेपाल सरकारको मुद्रण विभागमा अनुरोध गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको मुद्रण गर्ने निकायले प्रचलित कानूनको प्रकृया बमोजिम प्रदेश राजपत्र सुरक्षित छापाखानामा छपाउन बाधा पर्ने छैन ।

४. **राजपत्रमा सूचना प्रकाशन गर्ने प्रकृयाः** (१) ऐन वा अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाइनेछ ।

(२) उपदफा (१) बमोजिमको ऐन वा अध्यादेश बाहेक अन्य सूचना सम्बन्धित निकाय वा अधिकारीको निर्णय बमोजिम सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीले सूचना सम्पादनको लागि निर्णयको प्रमाणित प्रतिलिपि सहित प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पठाएको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको प्रमुख वा निजले तोकेको अधिकारीको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि निर्णय भएको सम्पादित सूचनाको प्रमाणित प्रति र विद्युतीय प्रति संलग्न गरी मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ।

**५. <u>राजपत्र प्रकाशन गरिने भागः</u>** देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः-

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश, भाग-१

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषदले जारी गरेको आदेश वा अधिकारपत्र, भाग-२ र

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना, भाग-३ ।

**६. <u>राजपत्र प्रकाशन गरिने अङ्कः</u>** (१) प्रदेश राजपत्र प्रकाशन नियमित अङ्कको रुपमा प्रत्येक हप्ताको बिहिबार प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजम राजपत्र प्रकाशन गर्दा अतिरिक्ताङ्क गरी प्रकाशन गर्न सकिनेछः—

(क) ऐन र अध्यादेश प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको मितिदेखि लागू हुने गरी,

(ख) जुन निकाय वा अधिकारीको निर्णय बमोजिमको सूचना प्रकाशन गरिने हो सो निकाय वा अधिकारीले अतिरिक्ताङ्क गरी सूचना प्रकाशन गर्ने भनी निर्णय गरेको भए सोही मितिबाट लागू हुने गरी ।

(३) उपदफा (१) बमोजिमको नियमित अङ्क र उपदफा (२) बमोजिमको अतिरिक्ताङ्कको संख्या कायम गर्दा प्रत्येक वर्षको बैशाख एक गतेदेखि

प्रकाशन गरिने गण्डकी प्रदेशको सूचनाको आधारमा वर्ष, मिति र संख्या कायम गर्नुपर्नेछ ।

७. **राजपत्रको बिक्री वितरण:** (१) प्रकाशन भएका प्रदेश राजपत्रलाई मुद्रण गर्ने निकायले प्रदेश सभा, प्रदेश प्रमुखको कार्यालय, प्रदेशका मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय लगायतका प्रदेश स्तरका सरकारी निकायहरुलाई नियमित रुपमा निःशुल्क पठाउने व्यवस्था गर्नुपर्नेछ।

(२) यो कार्यविधि लागू हुनुपूर्व शुल्क समेत निर्धारण गरी उपदफा (१) बमोजिमका कार्यालयहरुमा राजपत्र पठाइएकोमा समेत कुनै शुल्क भुक्तानी गर्नुपर्ने छैन ।

(३) उपदफा (१) मा उल्लेख गरिएका निकायहरु बाहेकका निकाय, संस्था वा व्यक्तिलाई तोकिएको मूल्यमा मुद्रण गर्ने निकायबाट आवश्यक राजपत्र बिक्री गर्ने व्यवस्था गर्नुपर्नेछ।

८. **राजपत्रको मूल्य निर्धारण**: प्रदेश राजपत्रको मूल्य देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) १ पेज देखि १० पेजसम्मका लागि रु १०।-(दश)

(ख) ११ पेजदेखि २० पेजसम्मका लागि रु २५ ।-(पच्चीस)

(ग) २१ पेजदेखि ५० पेजसम्मका लागि रु ५० ।-(पचास)

(घ) ५१ पेजदेखि माथि रु १०० ।-(एक सय)

९. **राजपत्रको ढाँचा:** (१) दफा (३) बमोजिमको प्रदेश राजपत्र अनुसूची (१) बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

(२) राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूची –२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **राजपत्रको छपाइ खर्च:** दफा (३) को उपदफा (२) बमोजिम राजपत्रको छपाइ गर्दा लाग्ने खर्च मुद्रण गर्ने निकायले भुक्तानी गर्नुपर्नेछ ।

"आधिकारिकता आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ"

११. **राजपत्रको आधिकारिकता प्रमाणितः** (१) प्रदेश राजपत्र प्रकाशनको आधिकारिकता मुद्रण गर्ने निकायमा निहित रहनेछ।

(२) प्रदेश राजपत्रको प्रत्येक पृष्ठको अन्त्यमा "आधिकारिकता आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ" भन्ने वाक्यांश राखी प्रकाशन गर्नुपर्नेछ।

अनुसूची —१

दफा ९ को उपदफा (१) सँग सम्बन्धित

प्रदेश राजपत्रको ढाँचा

प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

वर्ष ............ पोखरा, नेपाल ............. महिना ......... गते ............ साल

(संख्या/ अतिरिक्ताङ्क)

भाग ..........

गण्डकी प्रदेश सरकार/सभा

.............. मन्त्रालय/ विभाग को

सूचना

अनुसूची –२

दफा ९ को उपदफा (२) सँग सम्बन्धित

प्रदेश राजपत्रको साइज

१. प्रदेश राजपत्रको कागजको साइजः लम्बाई २२ से.मि. र चौडाई १४ से.मि.

२. अक्षरको साईजः ९ प्वाइन्ट, फन्टः कालिमाटी

**आज्ञाले,**

**ध्रुव गिरी**

**प्रदेश सरकारको नि. सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-

"आधिकारिकता आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ"